# स्थानीय राजपत्र

## गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः १०) काठमाडौँ, असार २८ गते, २०८३ साल संख्याः २

## भाग १

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गोकर्णेश्वर नगरपालिकाको कर तथा गैर कर राजश्व ऐन, २०८३

सम्वत् २०८३ सालको ऐन नं. १

मूल्य रु : २५/-

# गोकर्णेश्वर नगरपालिकाको कर तथा गैर कर राजश्व ऐन, २०८३

**प्रस्तावनाः**

गोकर्णेश्वर नगरपालिकाको समग्र विकासका लागि नगरपालिकामा राजस्व लगाउने तथा उठाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, गोकर्णेश्वर नगरपालिकाको नगर सभाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कानुनको नाम *"गोकर्णेश्वर नगरपालिकाको कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०८३"* रहेको छ ।

(२) यो कानुन गोकर्णेश्वर नगरपालिकाभर लागू हुनेछ र यस कानुन बमोजिमको कर वा राजस्व बुझाउनुपर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे-बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो कानुन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कानुनमा,:

(क) *"कम्पनी"* भन्नाले प्रचलित नेपाल कानुन बमोजिम संस्थापन भएको कम्पनी सम्झनुपर्छ र सो शब्दले प्रचलित नेपाल कानुन बमोजिम स्थापित सङ्गठित संस्थालाई समेत जनाउँछ ।

(ख) *"कर"* भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनुपर्छ ।

(ग) *"कर अधिकृत"* भन्नाले स्थानीय सरकारले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनुपर्छ र सो शब्दले कर अधिकृतको रूपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय सरकारको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।

(घ) *"कर एकाइ"* भन्नाले गोकर्णेश्वर नगरपालिकामा कर सम्बन्धी काम, कारबाही र निर्णय गर्ने नगरपालिकाको शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रूपमा रहेको स्थानीय सरकार अन्तर्गतको सङ्गठन संरचना सम्झनुपर्छ ।

(ङ) *"करदाता"* भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरू कुनै कारबाही प्रक्रिया सुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(च) *"कर निर्धारण"*भन्नाले कर निर्धारण सम्झनुपर्छ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ ।

(छ) *"गैरकर राजस्व"*भन्नाले परिच्छेद १३ बमोजिम लाग्ने वा लागेको गैरकर राजस्व सम्झनुपर्छ ।

(ज) "परिवार"भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिएका वा नछुट्टिएका नाबालक सन्तान सम्झनुपर्छ ।

(झ) *"प्रमुख प्रशासकीय अधिकृत"*भन्नाले गोकर्णेश्वर नगरपालिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने कर्मचारी सम्झनुपर्छ ।

(ञ) "*फर्म*" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनुपर्छ ।

(ट) "*व्यक्ति*" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ ।

(ठ) "*सभा*" भन्नाले गोकर्णेश्वर नगरपालिकाको सभा सम्झनुपर्छ ।

(ड) "*स्थानीय सरकार*" भन्नाले स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने गोकर्णेश्वर नगरपालिका सम्झनुपर्छ ।

(ढ) "*संविधान*" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

**३. व्याख्याः**

यो कानुनमा परिभाषा गरिएका लवजको सोही अनुसार र अरूमा प्रचलित कानुन व्याख्या सम्बन्धी सङ्घीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा व्याख्या गरिनेछ ।

## परिच्छेद - २
## राजस्व सम्बन्धी सामान्य सिद्धान्त

**४. कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त :**

(१) कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाइनेछः-

(क) कर तिर्न सक्ने क्षमताका आधारमा ।

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी ।

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर ।

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट ।

(ङ) स्वेच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरण सिर्जना गरेर ।

(च) करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गरेर ।

(छ) पश्चात्दर्शी असर नपर्ने गरेर ।

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

# परिच्छेद - ३
# कर प्रशासन सम्बन्धी व्यवस्था

**५. कर प्रशासन :**

(१) नेपालको संविधानको व्यवस्था अनुरूप आफ्नो अधिकार क्षेत्र भित्रको कर तथा गैरकरको प्रशासन गोकर्णेश्वर नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दस्तुर र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर एकाइ रहन सक्नेछन् ।

**६. कर्मचारी सम्बन्धी व्यवस्था :**

(१) स्थानीय सरकारबाट स्वीकृत दरबन्दी अनुसारका विभिन्न तहका कर्मचारी कर एकाइमा रहन सक्नेछन् ।

(२) कर एकाइमा स्थानीय सरकारले प्रचलित कानुनबमोजिम स्वीकृत दरबन्दीका आधारमा एक वा सोभन्दा बढी तहका कर अधिकृतहरू, कर सहायक, कम्प्युटर सहायक तथा सहयोगीहरूलाई काममा लगाउन सक्नेछ ।

**७. कर अधिकृतको काम, कर्तव्य र अधिकार :**

यस कानुनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) करदाता दर्ता गर्ने ।

(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।

(घ) कर सङ्कलन गर्ने ।

(ङ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

(ज) कर कानुन र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा गोकर्णेश्वर नगरपालिकालाई सुझाव दिने ।
(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने
(ञ) करदाताका खातापाता र हरहिसाब दुरुस्त राख्न लगाउने ।
(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।
(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

## ८. अधिकार प्रत्यायोजन :

(१) गोकर्णेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस कानुन बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।
(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।
(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा स्थानीय सरकारबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नुपर्नेछ ।
(४) शिक्षा सम्बन्धि व्यवसाय, स्वास्थ्य सम्बन्धि व्यवसाय, ठुला प्रकृतिका भ्याटमा दर्ता भएका व्यवसाय र तीनिहरुसँग सम्बन्धित कर असूली सम्बन्धी कार्यहरु(अनुमती, दर्ता, नविकरण) नगरपालिकाले गरि लगत कायम गर्ने छ ।

## ९. प्रत्यायोजित अधिकार र जिम्मेवारी :

(१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।
(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्नेप्रति उत्तरदायी रही प्रयोग गर्नुपर्नेछ ।

# परिच्छेद - ४
# कर राजस्व सम्बन्धी व्यवस्था

**१०. सम्पत्ति कर :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको घर र जग्गामा आर्थिक ऐनले तोकेको मूल्याङ्कन दरमा सम्पत्ति कर लगाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउँदा नगरपालिका क्षेत्रभित्र रहेका घर, भवन, टहरा तथा संरचना र सोले चर्चेको जग्गाको क्षेत्रफलको दोब्बर क्षेत्रफललाई घडेरी कायम गरी सम्पत्ति कर लगाउने र असुलउपर गरिनेछ । घर र घडेरी कायम भएका जग्गा बाहेकका अन्य जग्गा भएमा दफा ११ बमोजिम भूमिकर (मालपोत) लगाउने र असुलउपर गरिनेछ ।

**स्पष्टीकरणः**

यस दफाको प्रयोजनका लागि“चर्चेको जग्गा”भन्नाले नक्सापास गर्दाको बखतमा समावेश भएका कित्ताहरू समेतको जग्गा सम्झनुपर्छ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घरजग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नुपर्नेछ ।

(४) उपदफा (१) को प्रयोजनका लागि घर र जग्गाको मूल्याङ्कन देहायबमोजिम गरिनेछः

(क) घरको बनोट (कच्ची वा पक्की वा अस्थायी संरचना वा स्थायी संरचना)।

(ख) घर र जग्गाको आकार, प्रकार, बनोट र उपयोगको अवस्था ।

(ग) घरजग्गा सँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पिच, ढलान, पक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र मुख्य सडक, उप-मूल सडक, सहायक पिच सडक, भित्री पिच सडक जस्तो सडकको किसिम ।

(घ) व्यावसायिक भवन तथा टहरो वा आवासीय घर तथा टहरो उपयोगको अवस्था।

**स्पष्टीकरणः**

१) व्यवसायीक भवन भन्नाले भवनको अलवा कुनै तल्ला व्यापारी प्रयोजन वा दुई भन्दा बढी सटर राखि आय आर्जन वा भाडा दिने उद्देश्यका भवनहरु, पसलहरु, भण्डारण, गोदामहरु,पक्की भवन ( बैंक, वित्तीय संस्था, कर्पोरेट कार्यालय, संस्थागत विद्यालय, मार्ट, कम्प्लेक्स्, सपिङ मल, डिपार्टमेन्टल स्टोर, थोक तथा खुद्रा व्यापार, व्यापारिक केन्द्र, होटल, पार्टिप्यालेस, रिसोर्ट, लज, मोटेल, रेस्टुरेन्ट, क्याफे, सिनेमा हल निजी अस्पताल, पोलिक्लिनिक र क्लिनिकहरू आदिलाई) संचालनको लागि स्वीकृति लिई बनेको संरचनासम्झनुपर्छ । भवनहरुको नक्सा पास गर्दा गोकर्णेश्वर नगरपालिकाको भवन निर्माण संहिता कार्यान्वयन तथा नक्सापास मापदण्ड, २०७६ बमोजिम भवनको प्रकृति अनुसारको प्रयोजन अनिवार्य खुल्याउनु पर्नेछ।

२) व्यवसायी टहरा भन्नाले दुइ भन्दा बढि सटर भएको तथा एक हजार वर्गफुट भन्दा माथिका व्यापारी प्रयोजन वा आय आर्जन वा भाडा दिने उद्देश्यका टहरोका पसलहरु, भण्डारण, गोदामहरु, फूटसल आदि संचालनको लागि स्वीकृति लिई बनेको संरचना सम्झनुपर्छ।

(ङ) खण्ड (क), (ख), (ग) र (घ) को घर र जग्गाको मूल्याङ्कन र सोभन्दा कम नहुने गरी बजारमा चलनचल्तीको मूल्याङ्कन स्वघोषणा गर्न सकिनेछ।

(च) सम्पत्ति मूल्याङ्कन गर्दा अनुसूची १ बमोजिम ह्रासकट्टी गरी खुद सम्पत्ति कायम गरिनेछ।

(छ) खण्ड (च) बमोजिम कायम भएको खुद सम्पत्तिमा आर्थिक ऐनमा भएको ब्यवस्था अनुसार मर्मतसम्भार खर्च कट्टी गर्न दिइनेछ।

(५) उपदफा (४) बमोजिम घरजग्गा मूल्याङ्कन गर्न नगरपालिकाले दक्ष वा विशेषज्ञसहित बढीमा पाँच सदस्य रहेको 'सम्पत्ति कर मूल्याङ्कन समिति' गठन गर्नेछ र यस्तो समिति गठन नभएको अवस्थामा स्थानीय राजस्व परामर्श समितिले नै मूल्याङ्कन समितिको कार्य गर्नेछ।

(६) घरजग्गा मूल्याङ्कन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) उपदफा (५) बमोजिम गठित समितिको कार्यअवधि तीन वर्षको हुनेछ र घरजग्गा मूल्याङ्कन समितिले प्रत्येक तीन वर्षमा घरजग्गा मूल्याङ्कनका आधार, दररेट र सम्पत्ति कर असुली हिसाब संशोधन सहितको सुझाव सिफारिस गर्न सक्नेछ ।

(८) घरजग्गा मूल्याङ्कन समितिले बैठकको कार्यविधि आफैँ निर्धारण गर्न सक्नेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ, सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एकभन्दा बढी व्यक्तिहरूको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक।

(१०)करदाताले यस दफा बमोजिमको सम्पत्ति कर वार्षिक रूपमा तिर्नुपर्नेछ ।

(११) स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ७ दफा ३८ (१) अनुसार स्वीकृति लिई घर निर्माण गरेका तर सो अवधिमा सम्पन्न नभएका र समयभित्र म्याद थप समेत नगरी बसेका घरको सम्पत्ति कर प्रयोजनको लागि स्वीकृति लिएको मितिको आर्थिक वर्षलाई समेत गन्ती गरी २ वर्षसम्मलाई निर्माण सम्पन्न अवधि दिने र तेस्रो वर्षदेखि सम्पत्ति कर लगाइनेछ ।

(१२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र जग्गामा सम्पत्ति कर लाग्ने छैनः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पताल, सरकारी विद्यालय, सरकारी कार्यालयको नाममा रहेको घर र जग्गा,

(ग) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को नाममा रहेको घर र जग्गा,

(घ) राजदूतावास, वाणिज्य नियोग, कूटनीतिक नियोगका घर र जग्गा,

(ङ) खानेपानी सङ्कलन पोखरी, विद्युत्गृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रङ्गशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू ।

**स्पष्टीकरणः**

उपदफाको खण्ड (ग) र (ङ) प्रयोजनको लागि सम्बन्धित धार्मिक तथा गैर नाफामूलक सार्वजनिक संस्था वा संस्थानको नाममा रहेको घर जग्गा बाहेकआय आर्जन गर्ने उद्देश्य राखि निर्माण गरेका त्यस्ता व्यवसायीकसंघ-संस्था वा ब्यक्तिकोनामको जग्गामा रहेको वा बनेको संरचनामा सम्पत्ति कर लगाई असुलउपर गरिनेछ ।

(१३) माथि जुनसुकै कुरा लेखिएको भए तापनि वस्तुस्थिति व्यावसायिक प्रयोजन रहेछ भने सम्पत्ति कर लगाइनेछ ।

(१४) उपदफा (१) र (२) बमोजिमको कर तिर्नको लागि कुनै व्यक्ति वा संस्थाले एकल वा संयुक्त नाममा एकभन्दा बढी वडाहरूमा रहेको घरजग्गाहरूको विवरण सम्बन्धित वडाले नै प्रविष्ट गर्नुपर्नेछ । यसरी भरिएको घरजग्गाको मूल्याङ्कनलाई एकीकृत गरी सम्पत्ति कर लगाई असुल गरिनेछ । साथै करदाताले आफ्नो अनुकूल अनुसारको करदाता हुने केन्द्र तथा इकाई आफैँ छनोट गर्न सक्नेछ र पछि सोही केन्द्र तथा इकाईमा नियमित कर तिर्नुपर्नेछ ।

(१५) सम्पत्तिको पहिचान, विवरण सङ्कलन, अभिलेख प्रणाली, सम्पत्ति मूल्याङ्कन, कर असुली तथा कर सहुलियत तथा जरिबाना सम्बन्धी व्यवस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ ।

(१६) उपदफा (१५) को व्यवस्थाको लागि कार्यविधि स्वीकृत नभएसम्मको लागि आर्थिक ऐनमा भए अनुसार व्यवस्था गरिनेछ ।

(१७) यस नगरपालिकाको वडा नं. १, २, ३ र ४ का क्षेत्रहरूमा आर्थिक वर्ष २०७२/०७३ देखि घर र जग्गाको मूल्याङ्कन समावेश गरी सम्पत्ति कर लिनुपर्नेछ । अन्य ५ देखि ९

वडाका क्षेत्रहरुमा २०६०/०६१ देखि घर र जग्गाको मूल्याङ्कन समावेश गरी सम्पत्ति कर लिनुपर्नेछ ।

(१८) चालू आर्थिक वर्षको लागि प्रथम त्रैमासिकभित्र वार्षिक रूपमा एकमुस्ट सम्पत्ति कर बुझाउन आएमा १० प्रतिशत छुट गरिनेछ ।

(१९) अघिल्ला आर्थिक वर्षहरूको आर्थिक ऐनमा जुनसुकै कुराहरू लेखिएका भए तापनि हालसम्मको बक्यौता सम्पत्ति करमा एकमुस्ठ १५ प्रतिशत जरिवाना लाग्नेछ।

## ११. भूमिकर (मालपोत) :

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र यस ऐन बमोजिमको सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा आर्थिक ऐनले तोकेको दरमा भूमिकर (मालपोत) लगाउनेछ ।

(२) नगरपालिकाले यस दफा बमोजिमको भूमिकर (मालपोत) र दफा १० बमोजिमको सम्पत्ति कर एकैसाथ उठाउन सक्नेछ । तर सम्पत्ति करमा समावेश भएका जग्गाको मालपोत लाग्ने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गुठीको स्वामित्वमा रहेको जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(४)करदाताले यस दफा बमोजिमको भूमिकर (मालपोत) वार्षिक रूपमा तिर्नुपर्नेछ।

(५) नगरपालिकाले जग्गाको भौगोलिक अवस्था वा वर्गीकरण, बाटोको किसिम, दुरी, बनोट तथा बाटो छोएको/नछोएको आधारले जग्गाको मूल्याङ्कन तथा भूमिकर (मालपोत) दररेट निर्धारण गर्नेछ।

(६) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा स्थानीय सरकारले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर ( मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना नगर सभाको

बैठक चलेको भए नगर सभामा पेस गर्नुपर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकले पारित गर्नुपर्नेछ ।

(८)उपदफा (१) बमोजिमको कर तिर्नको लागि कुनै व्यक्ति वा संस्थाले एकल तथा संयुक्त नाममा एकभन्दा बढी वडाहरूमा रहेको जग्गाहरूको विवरण सम्बन्धित वडाले नै प्रविष्ट गर्नुपर्नेछ । यसरी भरिएको जग्गाको विवरणका आधारमा सम्बन्धित व्यक्ति वा संस्थाले आफू अनुकूल वडा आफैँ छनोट गरी करदाता हुन सक्नेछ र पछि सोही वडामा नियमित कर तिर्नुपर्नेछ ।

(९)स्थानीय सरकारले यस दफा बमोजिमको भूमिकर ( मालपोत) आफैँले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालयमार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(१०) भूमिकर (मालपोत) प्रत्येक वर्ष असार मसान्तभित्र कर एकाइ वा सम्बन्धित वडा कार्यालय वा स्थानीय सरकारले तोकेको कार्यालयमा बुझाउनुपर्नेछ ।

(११)चालू आर्थिक वर्षको लागि प्रथम त्रैमासिक भित्र वार्षिक रूपमा एकमुस्ट भूमिकर (मालपोत) बुझाउन आएमा १० प्रतिशत छुट उपलब्ध गराइनेछ ।

(१२)अघिल्ला वर्षहरूको बक्यौता भूमिकर (मालपोत) करमा १५ प्रतिशत जरिवाना लगाई असुल गर्नुपर्नेछ ।

(१३)विगतमा दर्ता हुन बाँकी जग्गाहरूको हकमा वि.सं. २०२१ सालदेखिको मालपोत असुली गर्नुपर्ने भएमा चालू आर्थिक वर्षकै मालपोत दररेटको आधारमा मालपोत कर असुली गरिनेछ ।

(१४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको जग्गामा भूमिकर (मालपोत) कर लाग्ने छैनः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको जग्गा,

(ख) सरकारी अस्पताल, सरकारी विद्यालय, सरकारी कार्यालयको नाममा रहेको जग्गा,

(ग) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को नाममा रहेको जग्गा,

(घ) राजदूतावास, वाणिज्य नियोग, कूटनीतिक नियोगका जग्गा,

(ङ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रङ्गशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका जग्गाहरू ।

**स्पष्टीकरणः**

उपदफाको खण्ड (ग) र (ङ) प्रयोजनको लागि सम्बन्धित धार्मिक तथा गैर नाफामूलक सार्वजनिक संस्था वा संस्थानको नाममा रहेको जग्गा बाहेक आय आर्जन गर्ने उद्देश्य भएका त्यस्ता व्यवसायीक संघ-संस्था वा व्यक्तिको नामको जग्गामा भूमि (मालपोत) कर लगाई असुल उपर गरिनेछ ।

## १२. घरजग्गा रजिस्ट्रेसन शुल्क :

(१) नगरपालिकाले प्रदेश कानुनले तोकेबमोजिम घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन शुल्क उठाउँदा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन शुल्क रकम मध्ये नगरपालिकाले लगाएको सबै र प्रदेशले लगाएको घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन शुल्कको दुई प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अठ्यानब्बे प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्ति वा संस्थाले घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन शुल्क बुझाउनुपर्नेछ ।

(४) घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनुपर्नेछ ।

(५) घरजग्गा रजिस्ट्रेसन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण

गरिएको न्यूनतम रकम बमोजिम त्यस्तो घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन गर्ने कार्यालयबाट असुलउपर गरिनेछ ।

(६) रजिस्ट्रेसन शुल्क थैली रकम वा सो प्रयोजनको लागि तोकिएको रकम मध्ये जुन बढी हुन्छ सो रकमबाट बुझाउनुपर्नेछ ।

(७) नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेका कार्यालय मार्फत उठाइनेछ ।

## १३. व्यवसाय कर :

(१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले नगरपालिकामा व्यवसाय दर्ता गर्नुपर्नेछ ।तर, यो ऐन प्रारम्भ हुनुअगावै नगरपालिकामा दर्ता नगरी सञ्चालन भइरहेका व्यवसाय यो ऐन जारी भएको मितिले ६ महिनाभित्र यस ऐन बमोजिम नगरपालिकामा दर्ता गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गरी सोको प्रमाणपत्र प्राप्त गर्ने व्यवसायीले वार्षिक रूपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गराउनुपर्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, प्रकार एवं पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय दर्ता र नवीकरणमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा व्यवसाय कर लगाउने र उठाउनेछ ।

(४) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै वा भिन्न प्रकृतिका व्यवसाय वा शाखा, एक वा एकभन्दा बढी स्थानमा सञ्चालन गरेकोमा साठी दिनभित्र कर एकाइमा छुट्टाछुट्टै दर्ता र नवीकरण गरी आर्थिक ऐनले तोकेको दरमा व्यवसाय कर तिर्नुपर्नेछ ।

(५) यस दफा बमोजिमको व्यवसाय कर वार्षिक रूपमा बुझाउनुपर्नेछ ।

(६) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदनसाथ पेस गरेका विवरणमा हेरफेर, परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिनभित्र कर एकाइमा जानकारी दिनुपर्नेछ।

(७) करदाताले यस दफा बमोजिम पेस गरेको विवरण कर अधिकृत वा वडा सचिवले आवश्यक छानबिन गरी अन्यथा देखिए यथार्थ विवरण पेस गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(८) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असुल गरिनेछ ।

(९) कुनै करदाताले व्यवसाय बन्द गर्न चाहेमा यस ऐन तथा नगरपालिकाको सालबसाली आर्थिक ऐन बमोजिम लाग्ने कर बक्यौता र जरिवाना सहित कर चुक्ता गरि व्यवसाय दर्ता, ठाउँसारी वा नामसारी वा खारेज गर्न निवेदन दिन सक्नेछ ।

(१०) व्यवसाय दर्ता, खारेजी, नवीकरण प्रक्रिया तथा व्यवसाय वर्गीकरण एवं कर असुली, कर सहुलियत तथा जरिवाना सम्बन्धी व्यवस्थाका लागि आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ ।

(११) उपदफा (१०) को व्यवस्थाको लागि कार्यविधि स्वीकृत नभए सम्मको लागि आर्थिक ऐनमा भएअनुसार व्यवस्था गरिनेछ ।

(१२) चालू आर्थिक वर्षको लागि प्रथम त्रैमासिकभित्र वार्षिक रूपमा एकमुस्ट व्यवसाय कर बुझाउन आएमा १० प्रतिशत छुट उपलब्ध गराइनेछ ।

(१३) अघिल्ला वर्षहरूको बक्यौता व्यवसाय करमा १५ प्रतिशत जरिबाना लगाई असुल गर्नुपर्नेछ ।

(१४) व्यवसाय दर्ता नविकरण गर्दा अनिवार्य रुपमा वहाल कर, विज्ञापन कर र मनोरञ्जन कर प्रचलित आर्थिक ऐन बमोजिम कर चुक्ता भएको हुनुपर्नेछ ।

(१५) यो ऐन प्रारम्भ हुनुअगावै यस नगरपालिका कार्यक्षेत्र राखेर सङ्घ तथा प्रदेश अन्तर्गतका कार्यालयमा व्यवसाय दर्ता गरिएको तर नगरपालिकामा दर्ता नगरिएका व्यवसायहरूको हकमा सङ्घ तथा प्रदेश अन्तर्गतका कार्यालयमा दर्ता भएको आर्थिक वर्षदेखि व्यवसाय कर लगाउने र उठाउनेछ ।

**व्याख्याः**

यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ बाट व्यवसाय कर लगाउने र उठाउनेछ ।

## १४. घर/जग्गा बहाल कर :

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्तिले घर, जग्गा, पोखरी र पार्क पूरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा नगरपालिकाले बहाल आय रकममा घर वा जग्गा बहाल कर लगाई असुलउपर गर्नेछ ।

स्पष्टीकरणः

यस दफाको प्रयोजनको लागि“घर”भन्नाले घरको कोठा, फ्याट, तल्ला, भवन, पसल, ग्यारेज, गोदाम, छप्पर (सेड), टहरा, कारखाना र यस्तै पक्की वा कच्ची संरचना सम्झनुपर्छ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वामित्व कायम नभएको ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोबास गर्ने व्यक्तिले आफ्नो घरजग्गा अन्य व्यक्ति वा कम्पनी वा संस्थालाई बहालमा दिएको वा कुनै जग्गा लिजमा लिई घर बहालमा दिएकोमा समेत नगरपालिकाले यस ऐन बमोजिम घर/जग्गा बहाल कर लगाउनेछ ।

(३) घर वा जग्गा बहालमा लगाउने व्यक्ति घर/जग्गा बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्थाले जग्गा लिई घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(४) घर वा जग्गा बहालमा दिँदा प्रत्येक घरधनी वा जग्गाधनीले कम्तीमा दुई जना साक्षी राखी वडा

कार्यालयको प्रतिनिधिको रोहबरमा सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले ३५ दिनभित्र कर एकाइमा पेस गर्नुपर्नेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिमको घरजग्गा बहाल सम्झौतामा उल्लेखित सर्तबमोजिम दुवै पक्षमध्ये एकले बहाल कर तिर्न वा लिन बाधा पर्नेछैन ।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको सङ्गठित संस्थाले घर/जग्गा बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी घरधनीका तर्फबाट कर एकाइमा घर बहाल कर बुझाउनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने घर बहाल करमा कर कट्टी भएको महिनापछिको महिनाको २५ गतेभित्र दाखिला गर्नुपर्नेछ ।

(८) घर/जग्गा बहाल प्रयोजनको लागि आर्थिक ऐनले तोकेको न्यूनतम मासिक घर/जग्गा बहाल रकम निर्धारण गरी लागू गर्न सक्नेछ । घरजग्गा बहाल करको प्रयोजनको लागि नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घरजग्गाको व्यापारिक महत्त्व र उपलब्ध सहरी सेवा सुविधासमेत विचार गरी घर तथा जग्गाको आकारप्रकार र बनोट समेतका आधारमा वर्गीकरण गरी बहालको न्यूनतम दर निर्धारण गर्न सक्नेछ ।

(९) स्वास्थ्य व्यवसाय सञ्चालन गर्नका लागि स्वास्थ्य व्यवसाय प्रकार र प्रकृति अनुसारको न्यूनतम मासिक घर/जग्गा बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था निर्देशिका र आर्थिक ऐनमा उल्लेख भएबमोजिम हुनेछ ।

(१०) घर/जग्गा बहालमा दिने घर/जग्गाधनीले घर/जग्गा बहाल करको विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र पेस गर्नुपर्नेछ ।

(११) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र दाखिला गर्नुपर्नेछ ।

(१२) घर/जग्गा बहाल दिएको मितिलाई आधार मानी नियमित बहाल रकममा मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रूपमा बहाल कर बुझाउनुपर्नेछ, तर बैङ्क प्रयोजन तथा आम्दानी प्रमाणित प्रयोजनको लागि घर/जग्गा बहाल रकममा त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा बहाल कर बुझाउनुपर्नेछ ।

(१३) नगरपालिकाले क्षेत्रगत आधार जस्तै व्यवसायिक, कृषि, आवास तथा शैक्षिक प्रयोजनलाई छुट्टाछुट्टै बहाल करको दर निर्धारण गरी बहाल कर लागू गर्न सक्नेछ ।

**स्पष्टीकरणः**

व्यावसायिक प्रयोजन भन्नाले कुनै व्यक्ति, सङ्घसंस्था, कार्यालय, उद्योग तथा व्यवसाय आयआर्जन गर्ने उद्देश्य राखी घर वा जग्गा बहाल लिएको वा दिएको आवास प्रयोजन भन्नाले व्यक्ति वा परिवारले आफ्नो निजी प्रयोजनको लागि बहालमा लिएको वा दिएको घर तथा जग्गा; कृषिप्रयोजन भन्नाले कृषि व्यवसाय दर्ता गरिएको तथा कृषक प्रमाणित प्रमाणपत्र प्राप्त गरी कृषि खेती गरी उत्पादन गर्ने प्रयोजनको लागि जग्गा वा घरजग्गा बहालमा लिएको वा दिएको; शैक्षिक प्रयोजन भन्नाले निवेदक/व्यक्ति अध्ययन गर्ने उद्देश्यले विदेशी देशको कलेज तथा विश्वविद्यालयले विद्यार्थी प्रयोजनको लागि उपलब्ध गराएको अफर कागजात तथा प्रमाणित हुने अन्य कागजातबाट आयस्रोत देखाएको घर वा जग्गा बहाल लिएको वा दिएको सम्झनुपर्छ ।

(१४) नगरपालिकाले विभिन्न सडकको भित्र रहेको उपदफा (१) मा उल्लेखित घर, जग्गा, पोखरी, पार्क पूरै वा आंशिक क्षेत्रफलमा न्यूनतम मासिक बहाल रकम दर निर्धारण गरी लागू गर्न सक्नेछ।

(१५) उपदफा (२) बमोजिम बहाल कर तिरेको आधारमा मात्र ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोबास गर्ने वा त्यस्तो जग्गाको उपयोग गर्ने व्यक्ति वा संस्थाको स्वामित्व कायम भएको मानिने छैन र त्यस्तो जग्गा नेपाल सरकार वा अन्य सरकारी निकायबाट प्रचलित कानुन बमोजिम खाली गर्ने वा संरचना हटाउने कार्यलाई यस ऐन बमोजिम बहाल कर तिरेको कारणले मात्र कुनै किसिमले बाधा पुऱ्याएको मानिने छैन ।

(१६) कुनै व्यक्तिले आफ्नो घर वा जग्गा दोस्रो व्यक्ति, कम्पनी वा संस्थालाई बहालमा दिएकोमा सो व्यक्ति, कम्पनी वा संस्थाले पुनः तेस्रो व्यक्ति, कम्पनी वा संस्थालाई बहाल दिएको अवस्थामा पहिलो बहाल रकमको पूरै र दोस्रो बहाल रकममा पहिलो बहाल रकम घटाएर आएको बढी बहाल रकममा समेत बहाल कर लगाइनेछ । यसरी दोहोरो लिएको वा दिएको बहालमा पहिलो बहाल रकमको कर चुक्ता गरी रसिद समावेश गरेपश्चात् दोस्रो बहाल रकमको बहाल कर लिइनेछ ।

(१७) कृषि प्रयोजनको लागि लिएको घर वा जग्गा बहाल रकमको पाँच प्रतिशत बहाल कर लगाई असुल गर्नुपर्नेछ ।

(१८) व्यवसाय र आवास प्रयोजनको लागि लिएको घर वा जग्गा बहाल रकमको १० प्रतिशत बहाल कर लगाई असुल गर्नुपर्नेछ ।

(१९) चालू आर्थिक वर्षको लागि प्रथम त्रैमासिक भित्र वार्षिक रूपमा एकमुस्ट बहाल रकमको बहाल कर बुझाउन आएमा १० प्रतिशत छुट उपलब्ध गराउनुपर्नेछ।

(२०) अघिल्ला वर्षहरूको बक्यौता बहाल करमा १५ प्रतिशत जरिवाना लगाई असुल गर्नुपर्नेछ ।

(२१) घरजग्गा बहाल करको बारेमा अन्यत्र जुनसुकै कुराहरू लेखिएका भए तापनि कुनै व्यक्तिले हाल आफ्नो स्वामित्वमा नभएको तर विगतमा आफ्नो स्वामित्वमा रहेको सम्पत्ति भएको प्रमाण तथा उक्त सम्पत्ति भाडामा लगाएको सम्झौता पत्र सहित विगतको बहाल कर तिर्न आएमा १० प्रतिशत बहाल कर र बक्यौतामा १५ प्रतिशतका दरले बहाल कर असुल गरिनेछ ।

## १५. सवारी साधन कर :

(१) नगरपालिकाले सवारी साधन कर लगाउन सक्नेछ ।

स्पष्टीकरणः

यस दफाको प्रयोजनका लागि“सवारी साधन”भन्नाले इन्धन, विद्युत् वा यान्त्रिक शक्तिबाट सडकमा चल्ने चार पाङ्ग्रे, तीन पाङ्ग्रे वा दुई पाङ्ग्रे सवारी साधन सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ ।

(३) यस दफा बमोजिम लगाइएको सवारी साधन करको दर प्रदेशमा पठाउनु पर्नेछ।

(४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सवारी साधन धनीले यस दफा बमोजिमको कर प्रदेश कर कार्यालय वा एकाइमा बुझाउनुपर्नेछ ।

(५) प्रत्येक वर्षको असार मसान्तमा सवारी साधनधनीले यस दफा बमोजिमको कर दाखिला गर्नुपर्नेछ।

## १६. जडीबुटी, कवाडी र जीवजन्तु कर :

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी मालसामान र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तुबाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुहरूको व्यावसायिक कारोबार गरेबापत कर लगाइनेछ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यावसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिँदा कर बुझाउने सर्त र विधिसमेत तोकी इजाजत दिनेछ ।

**१७. विज्ञापन कर :**

(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, फ्लेक्सबोर्ड, एलसिडिबोर्ड, स्टल आदिमा आर्थिक ऐनमा तोके बमोजिमको दरमा विज्ञापन कर लगाई उठाउनेछ ।तर नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट राखेको विज्ञापनमा यस ऐनबमोजिमको कर लगाइने छैन।

(२) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न चाहने व्यक्ति वा संस्थाले नगरपालिकाबाट अनुमति लिनुपर्नेछ र विज्ञापन कर निजबाट असुल गरिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र दिँदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य बिगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता सर्त किटान गरिएको हुनुपर्नेछ ।

(४) कुनै कम्पनी, फर्म, एजेन्सी, सङ्घसंस्था वा व्यक्ति अरू कसैले प्रायोजन गरेको सूचनापाटी (होर्डिङ बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असुल गरी कर एकाइ वा सो एकाइले तोकेको बैङ्क खातामा दाखिला गर्नुपर्नेछ ।

(५) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी सङ्घसंस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) मा राखिने विज्ञापन सामग्रीमा कर उठाउनुअघि कर एकाइले सो निकायसँग समन्वय गरी कर असुल गर्नुपर्नेछ।

(६) व्यापारिक वा व्यावसायिक प्रयोजन जस्तै होटल वा रेस्टुरेन्ट, बैङ्क वित्तीय संस्था, विद्यालय, सिनेमा हल, खेलमैदान, कम्पनी, उद्योग र पेट्रोल पम्प वा जुनसुकै कम्पाउन्ड तथा भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्नेछैन ।

(७) जनजातिहरूको मातृभाषामा लेखिएको विज्ञापनमा ५० प्रतिशत कर छुट गरिनेछ।

(८) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन करबापतको रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी प्रचलित सङ्घीय र प्रदेश कानुनबमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

(९) यस दफा बमोजिमको कर उठाउन आवश्यक पर्ने कार्यविधि कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ ।

(१०)यस दफामा उल्लेखबमोजिमको विज्ञापन राख्न पाइनेछैनः

(क) भवनको छत र कौसीमा परिचयपाटी वा विज्ञापन सामग्री राख्न पाइनेछैन।

(ख) भवनको झ्याल छोप्ने गरी परिचयपाटी वा विज्ञापन सामग्री राख्न पाइनेछैन ।

(ग) बाटोको सिमानादेखि दश फिटभित्र तथा संधियारको सिमानादेखि पाँच फिटभित्र सामग्री राख्न पाइनेछैन ।

(घ) सुर्तीजन्य, मदिरा, प्रदेश सरकार, सङ्घीय सरकार र नगरपालिकाले प्रतिबन्ध गरेको वस्तु सामग्रीको विज्ञापन गर्न पाइनेछैन ।

## १८. मनोरञ्जन कर :

(१) नगरपालिकाले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरञ्जनस्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको मनोरञ्जन कर मनोरञ्जन स्थलको सञ्चालकले मनोरञ्जनको लागि टिकट बिक्री गर्दाको अवस्थामा असुल गर्नेछ । यसरी असुल भएको मनोरञ्जन कर रकम मध्ये नगरपालिकाले लगाएको सबै र प्रदेशले लगाएको मनोरञ्जन करको दुई प्रतिशत रकम

नगरपालिकाको सञ्चित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अठ्यानब्बे प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ

## परिच्छेद - ५
## करदाता दर्ता सम्बन्धी व्यवस्था

**१९. करदाताको पहिचान तथा दर्ता** :

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस ऐन बमोजिम कर एकाइले कर तिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको घरजग्गा तथा अन्य सम्पत्ति वा निजले गरेको कारोबार र कर नगरपालिकालाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाइले छानबिन गर्दा प्राप्त भएका तथ्य समेतका आधारमा गरिनेछ।

(३) व्यवसाय सञ्चालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

(४) कर एकाइले यस ऐनबमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी प्रत्येक करदातालाई निश्चित पहिचान नम्बर प्रदान गरी व्यक्तिगत अभिलेखमा दर्ता गरी राख्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम करदाताको पहिचान नम्बर प्रदान गर्दा करदाताले नगरपालिकालाई प्रचलित कानुनबमोजिम तिर्नु बुझाउनुपर्ने सबै करको लागि एउटै करदाता पहिचान नम्बर कायम गर्ने व्यवस्था मिलाउन सकिनेछ।

(६) नेपाल सरकारबाट स्थायी लेखा नम्बर (PAN) लिएका वा नगरपालिकाबाट करदाता पहिचान नम्बर प्राप्त गरेका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही स्थायी लेखा नम्बर वा करदाता पहिचान नम्बरको प्रयोग गर्नुपर्नेछ।

## २०. करदाताको दायित्व :

यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तब्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ ।

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विवरण पेस गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐनबमोजिम कुनै शुल्क, जरिबाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाब किताब, अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,

(छ) कर एकाइलाई आवश्यक सहयोग गर्ने,

(ज) कर दाखिला गर्दा आवश्यक कागजात उपलब्ध गराउने ।

## २१. करदाताको अधिकार :

(१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) सम्मानपूर्वक व्यवहारको अधिकार ।

(ख) प्रचलित कानुन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेस गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार ।

(ङ) यो ऐनमा उल्लेख भएबाहेक कर सम्बन्धी सूचना, तथ्याङ्क र विवरणको गोपनीयता अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दाबी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ।

**२२. करदाताको प्रतिनिधित्व :**

(१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानुन व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयंले गरेको मानिनेछ ।

## परिच्छेद - ६
## विवरण दाखिला सम्बन्धी व्यवस्था

**२३. विवरण दाखिला गर्ने आदेश दिन सक्ने :**

(१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शङ्का गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले ३० दिनभित्र राजस्व शाखा वा वडा कार्यालय वा कर एकाइमा विवरण दाखिला गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले औचित्य हेरी तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

**२४. विवरण सच्याउन सकिने :**

(१) यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भइसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिलो विवरण दाखिला भएको मितिले तीन महिनाभित्र यथार्थ, तथ्य र सही अङ्क सहितको अर्को विवरण कर अधिकृत समक्ष निवेदन पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदनउपर कर अधिकृतले आवश्यक जाँचबुझ गर्न लगाई व्यहोरा मनासिब ठहर गरेको अवस्थामा तीस दिनभित्र विवरण सच्याउने स्वीकृति दिन सक्नेछ।

## परिच्छेद - ७
## कर दाखिला सम्बन्धी व्यवस्था

**२५. कर दाखिला गर्नुपर्ने :**

(१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको अन्तिम महिनाभित्र कर नगरपालिकाको राजस्व शाखा तथा वडा कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

(२) यस ऐनबमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने कर, कर कट्टी भएको महिनापछिको महिनाको २५ गतेभित्र कर एकाइमा दाखिला गर्नुपर्नेछ ।

**२६. कर दाखिलाको निस्सा दिनुपर्ने :**

करदाताले यस ऐन बमोजिम बुझाउनुपर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनुपर्नेछ ।

**२७. कर चुक्ता हुनुपर्ने :**

(१) व्यवसाय दर्ता/नवीकरण गर्नका लागि भूमिकर/सम्पत्ति कर/बहाल कर अनिवार्य रूपमा भुक्तानी गरेको हुनुपर्नेछ । यसरी व्यवसाय नवीकरण गर्दा बहाल सम्झौता र न्यूनतम बहाल दररेटबीच विचलन देखिएमा कर अधिकृतले पुनः मूल्याङ्कन गरी असुलउपर गर्न सक्नेछ ।

(२) घरनक्सा नामसारी गर्दा सम्पत्ति कर अनिवार्य रूपमा चुक्ता गरेको हुनुपर्नेछ ।

## परिच्छेद - ८
## कर फिर्ता र समायोजन

**२८. कर फिर्ता सम्बन्धी व्यवस्था :**

(१) करदाताले यस ऐनबमोजिम कर बुझाउँदा तिर्नुपर्नेभन्दा बढी कर दाखिला गरेकोमा चालू आर्थिक वर्षभित्र सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर फिर्ताको लागि परेको निवेदनको व्यहोरा साँचो ठहरिएमा कर अधिकृतको स्वीकृति लिई निवेदन परेको तीन महिनाभित्र माग बमोजिम कर फिर्ता दिनुपर्नेछ ।

**२९. कर समायोजन सम्बन्धी व्यवस्था :**

(१) करदाताले दफा २८ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको निवेदन व्यहोरा साँचो देखिएमा कर अधिकृतको स्वीकृति लिई निवेदन प्राप्त भएको तीन महिनाभित्र माग बमोजिम कर समायोजन गर्ने आदेश दिनुपर्नेछ ।

# परिच्छेद - ९
# कर परीक्षण र कर निर्धारण

## ३०. कर परीक्षण र कर निर्धारण :

(१) यस ऐनबमोजिम करदाताले विवरण पेस नगरेको वा पेस गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछ :

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) गलत वा झुट्टा कागजात/विवरण सङ्लग्न गरेको देखिएमा,

(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा,

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा,

(ङ) करको दर फरक पारेकोमा,

(च) कानुन बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दाबी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करअधिकृतले करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेस गर्न तीस दिनको सूचना दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेस गर्नुपर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र स्पष्टीकरण पेस गरेकोमा सोसमेतलाई आधार मानी तथा स्पष्टीकरण पेस नगरेको अवस्थामा कानुन बमोजिम कर निर्धारण गर्नुपर्नेछ ।

## ३१. कर निर्धारणको सूचना :

(१) यस ऐनबमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनुपर्ने कर रकम, स्थान, समयसीमा र बैङ्क खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनुपर्नेछ र यस्तो सूचना विजक जारी गरी वा पत्रमार्फत वा इमेल वा एसएमएस (क्षक) बाट दिन सकिनेछ ।

(२) यस ऐनबमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिएको बैङ्क खातामा कर दाखिला गरेको अवस्थामा करदाताले त्यसको बैङ्क भौचर सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ ।

# परिच्छेद - १०
# कर सङ्कलन सम्बन्धी व्यवस्था

## ३२. कर सङ्कलन सम्बन्धी व्यवस्था :

(१) यस ऐनबमोजिम असुलउपर गर्नुपर्ने कर, ब्याज र शुल्कबापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतको पूर्वस्वीकृति लिई देहायको एक वाएकभन्दा बढी तरिकाबमोजिम कर असुल गर्न सक्नेछ :-

(क) करदातालाई फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्वसहमति लिई कट्टा गरेर,

(घ) बैङ्क वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,

(ङ) करदाताको कारोबार रोक्का गरेर,

(च) करदाताको चल तथा अचल सम्पत्तिमाथि दाबी वा कब्जा गरेर,

(छ) करदाताको सम्पत्ति एकै पटक वा पटक-पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही सुरु भएपछि सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्कसहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैङ्क खातामा जम्मा गरिदिनुपर्नेछ ।

**३३. किस्ताबन्दीमा कर असुली :**

कुनै खास करदाताले विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण सन्तोष जनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाएबापत यस ऐनबमोजिम लाग्ने ब्याज मिनाहा हुनेछैन।

# परिच्छेद - ११
# जरिबाना, शुल्क र ब्याज सम्बन्धी व्यवस्था

**३४. जरिबाना लाग्ने:**

नगरपालिकाको स्वीकृति बेगर सहरी सुव्य वस्थामा प्रतिकूल असर पर्ने गरी ऐन-कानुन विपरीत सडकपेटी तथा फुटपाथ अतिक्रमित गर्ने, सवारी साधन पार्किङ वा व्यापार व्यवसाय गर्ने, स्वीकृत नक्साभन्दा बढी संरचना निर्माण गर्ने, आवागमनमा अवरोध गर्ने, निर्माण सामग्री सडक वा सार्वजनिक स्थलमा जथाभाबी थुपार्ने, वायु तथा ध्वनि प्रदूषण गर्ने, जथाभाबी फोहोरमैला निष्कासन गर्ने लगायत अन्य स्वीकृति वा ऐन-कानूनविपरीत क्रियाकलाप गर्ने व्यक्ति वा संस्था वा कार्यालयलाई आर्थिक ऐनमा तोकिए बमोजिम जरिबाना लगाई असुलउपर गरिनेछ ।

**३५. ब्याज लाग्ने** :

कुनै करदाताले यस ऐनबमोजिम दाखिला गर्नुपर्ने कर, दस्तुर, सेवाशुल्क समयमा दाखिला नगरेमा तिर्नु बुझाउनुपर्ने रकमको वार्षिक पन्ध्र प्रतिशत ब्याज (हर्जना) लाग्नेछ ।

**३६. अभिलेख नराखेमा शुल्क लाग्ने :**

यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु. १,०००/- शुल्क लाग्नेछ ।

**३७. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने :**

यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रतिविवरण रु. १,०००/- शुल्क लाग्नेछ ।

**३८. झुट्टा विवरण दिएमा शुल्क लाग्ने :**
यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको दस प्रतिशत शुल्क लाग्नेछ ।

**३९. ब्याज नलाग्ने** :
यस ऐन बमोजिम लाग्ने कर, दस्तुर र सेवाशुल्कको ब्याज र जरिबानामा पुनः ब्याज लाग्नेछैन ।

## परिच्छेद - १२
## पूर्वादेश, प्रशासकीय पुनरावलोकन र पुनरावेदन

**४०. पूर्वादेश माग गर्न सक्ने :**
(१) कुनै करदातालाई यस ऐनबमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउनेछ।
(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भइसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिनेछैन ।
(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

## ४१. प्रशासकीय पुनरावलोकन हुन सक्ने सम्बन्धी व्यवस्था

यस ऐन बमोजिमका देहायको निर्णयमाथि पुनरावलोकन हुन सक्नेछ :

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(ख) यस ऐनबमोजिम लाग्ने वा लागेको कर र गैरकर राजस्व तथा अन्य दस्तुर, शुल्क, ब्याज सम्बन्धी निर्णय ।

## ४२. पुनरावलोकनको प्रक्रिया :

(१) यस ऐनबमोजिमको कर निर्धारणको निर्णयउपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृतसमक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदनमाथि तीस कार्यदिनभित्र कारबाही र किनारा गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने व्यक्तिले विवादित बाँकी करको पचास प्रतिशत रकम धरौटी राख्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम राखिएको धरौटी पुनरावलोकन प्रक्रिया समाप्त भएपछि तिर्नुपर्ने करमा समायोजन गर्न वा तिर्न नपर्ने भएमा सम्बन्धित करदातालाई फिर्ता दिइनेछ ।

## ४३. उजुरी नलाग्ने :

यस ऐनबमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्नेछैन ।

**४४. पुनरावेदन दिन सक्ने :**

प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहोने विषयमा कारण परेको मितिले ३५ दिनभित्र चित्त नबुझ्ने पक्षले प्रचलित कानुन बमोजिम पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद - १३
## गैरकर राजस्व

**४५. सार्वजनिक सुविधा उपयोग तथा सेवा शुल्क, दस्तुर :**

(१) नगरपालिकाले संविधानको अनुसूची ८ बमोजिमका क्षेत्रमा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधारबाट सेवाग्राहीलाई गराएको सेवा बापतको सेवा शुल्क तथा दस्तुर यस नगरपालिकाको आर्थिक ऐनले तोकेको दरमा लगाई उठाउन सक्नेछ ।

(२) नगरपालिकाबाट व्यवस्था भएका विभिन्न सार्वजनिक सुविधाहरू जस्तै स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा उपयोग उपलब्ध गराइए सोबापत सार्वजनिक सुविधा उपयोग सेवा आर्थिक ऐनले तोकेको दरमा सेवाशुल्क वा दस्तुर लगाई असुलउपर गर्नेछ ।

तर, सीमा नदी वा अर्को नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवाशुल्क लगाउँदा सम्बन्धित नगरपालिकासँग समन्वय गरी लगाइनेछ।

(३) उपदफा (२) बमोजिमको सेवाशुल्क सेवा सञ्चालकले प्रवेश टिकटमा नै समावेश गरी सङ्कलन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सङ्कलन गरेको शुल्क सङ्कलन गरेको महिना पछिको महिनाको पच्चीस गतेभित्र विवरण सहित कर एकाइमा दाखिला गर्नुपर्नेछ ।

(५) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा (२) बमोजिम नगरपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको अनुसूची-२ मा उल्लेखित कुनै सेवा उपयोग गरेबापत सम्बन्धित सेवाग्राहीलाई आर्थिक ऐनले तोकेको दरमा सेवाशुल्क, दस्तुर लगाई असुलउपर गर्नेछ। तर, ऐतिहासिक स्थल, पुरातात्त्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइनेछैन । तर नगरपालिकाले तोकेको स्थान (सङ्ग्रहालय समेत) मा सेवा शुल्क लिन बाधा पर्नेछैन ।

(६) नगरपालिकाले अनुसूची-३ मा उल्लेखित व्यवसाय वा संस्थाको दर्ता, अनुमति, नवीकरण तथा नियमन आदिमा आर्थिक ऐनले तोकेको दरमा सेवाशुल्क दस्तुर लगाउने र उठाउनेछ ।

## ४६. पर्यटन शुल्क :

(१) नगरपालिकाले आफैँले निर्माण तथा सञ्चालन गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा आर्थिक ऐनले तोकेको दरमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्यटन शुल्कको दर निर्धारण गर्दा पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी गर्नुपर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइनेछैन ।

## ४७. सवारी साधन पार्किङ शुल्क :

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ स्थलमा सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत पार्किङ गर्ने समयको आधारमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा पार्किङ शुल्क लगाइने र असुलउपर गरिनेछ ।

तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ गराइने र शुल्क लगाइनेछैन ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ गर्न रोक लगाउन सक्नेछ।

(३) नगरपालिकाले सवारी पार्किङ क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालय सँगको समन्वयमा गर्नेछ।

## ४८. बहाल विटौरी शुल्क :

(१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको वा आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको पोखरी, हाटबजार, प्रदर्शनीस्थल वा मेला वा जात्रामा अस्थायी अनुमति दिएका घरपसल तथा सार्वजनिक, पर्ती वा ऐलानी जग्गामा बनेका संरचनाको उपयोग बापत आर्थिक ऐनले तोकेको दरमा बहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बहाल विटौरीमा दिँदा अवधि तोकी सर्त सहित सम्झौता गरी दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम नगरपालिकालाई बहाल विटौरी शुल्क बुझाएकै आधारमा मात्र त्यस्तो घरजग्गा वा सम्पत्ति उपर सोको उपयोग गर्ने व्यक्तिको कुनै किसिमले स्वामित्व कायम भएको मानिनेछैन र नगरपालिका वा प्रचलित कानुन बमोजिम अधिकारप्राप्त निकायले त्यस्तो

घरजग्गा वा सम्पत्ति जुनसुकै बखत खाली गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिनेछैन ।

## ४९. निकासी वा बिक्री शुल्क :

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा उत्पादन हुने स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुहरू सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्न सक्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानुनबमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानीबाट वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षणले तोकेको परिमाणमा गरिने स्लेट, ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तुको उत्खनन, सङ्कलन वा बिक्रीमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा उत्खनन तथा सङ्कलन शुल्क लगाउनेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तरबहत्तर आदिको बिक्री गर्न सक्नेछ ।

(४) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका प्रयोगमा नआउने पुराना र कामनलाग्ने वस्तु, उपकरण तथा सामानहरू कार्यपालिकाको निर्णयबमोजिम लिलाम बिक्री गर्न सक्नेछ ।

(५) नगरपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम, पुस्तक, नक्सा वा अन्य सेवाहरू सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्न सक्नेछ

(६) यस दफा बमोजिम बिक्री तथा सङ्कलन शुल्कबापत प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

## ५०. जडीबुटी, कवाडी र जीवजन्तु शुल्क :

(१) नगरपालिका क्षेत्रभित्रका जडीबुटी तथा वन पैदावार, कवाडी र जीवजन्तु कारोबारमा शुल्क लगाई उठाउन सक्नेछ ।

## ५१. ट्रेकिङ, कायकिङ, क्यानोइङ, बन्जीजम्प, प्याराग्लाइडिङ र ज्याफ्टिङ शुल्क :

नगरपालिका क्षेत्रभित्र ट्रेकिङ, कायकिङ, क्यानोइङ, बन्जीजम्प, रक क्लाइम्बिङ, प्याराग्लाइडिङ र ज्याफ्टिङ सेवा वा व्यवसाय सञ्चालन गरी कारोबार गरेबापत शुल्क लगाई उठाउन सक्नेछ ।

## ५२ फोहोरमैला शुल्कः

नगर कार्यपालिकाले फोहोरमैला व्यवस्थापन वा पत शुल्क निर्धारण गरी लगाउन सक्नेछ र फोहोरमैलाको समुचित व्यवस्थापनका लागि ठेक्का बन्दोवस्तीबाट समेत शुल्क प्राप्त हुने गरी व्यवस्थापन गर्न सक्नेछ ।

नोटः *नगर कार्यपालिकाले कर तथा गैर करका शिर्षकहरुबाट कर राजश्व संकलन गर्दा सो सम्बन्धि कार्यविधिमा शुल्क उल्लेख भएमा सोही बमोजिम संकलन गर्न सकिनेछ ।*

## ५३. छुट वा मिनाहाः

(१) नगरपालिकाले प्राकृतिक विपद् वा यस्तै विशेष अवस्थामा यस ऐनबमोजिम लाग्ने वा लागेको गैरकर राजस्वमा आधार र कारण खुलाई कार्यपालिकाको निर्णयको आधारमा आंशिक/पूर्ण रूपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको छुट वा मिनाहा दिँदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ ।

(३) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री वा कारोबारमा कर नलाग्ने व्यवस्था गरेकोमा नगरपालिकाले तत्-तत्

निकायसँग समन्वय गरी कर छुट सम्बन्धी व्यवस्थाको पालना गर्ने गराउनेछ ।

(४) उपदफा (१) बमोजिम गैरकर राजस्व छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेस गर्नुपर्नेछ ।

## परिच्छेद - १४
## समन्वय सम्बन्धी व्यवस्था

### ५४. नेपाल सरकारसँग समन्वय :

(१) नगरपालिकाले सङ्घीय कानुन वा यस ऐनबमोजिम असुलउपर गर्नुपर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम एकद्वार प्रणाली अपनाउन नगरपालिका वा सोको अधिकारप्राप्त अधिकारी वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषय सँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसँग सम्बन्धित विषयमा नेपाल सरकारसँग समन्वय गर्नुपर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुङ्गोमा पुऱ्याएका विषयहरू यस ऐनमा परेसरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

## ५५. प्रदेश सरकारसँग समन्वय :

(१) नगरपालिकाले प्रदेश कानुन वा यस ऐनबमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन नगरपालिका वा सोको अधिकारप्राप्त अधिकारी वा कर अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनसँग सम्बन्धित विषयमा प्रदेश सरकारसँग समन्वय गर्नुपर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरू यस ऐनमा परेसरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ

## ५६. केन्द्रीय बैङ्कसँग समन्वय :

नगरपालिकाले कर र गैरकर राजस्व सङ्कलनका सम्बन्धमा नेपाल सरकारको स्वामित्वमा रहेका बैङ्कहरूसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## ५७. अन्य निकाय, कार्यालय र सङ्घसंस्थासँग समन्वय

नगरपालिका वा सोको अधिकारप्राप्त अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैङ्क वा सङ्घसंस्थासँग आवश्यक समन्वय गर्न सक्नेछ ।

# परिच्छेद - १५
# राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

## ५८. राजस्व सम्बन्धी नयाँ प्रस्ताव :

(१) नगरपालिकाले कर तथा गैरकर राजस्व सम्बन्धी नयाँ प्रस्ताव तयार गर्दा सरोकारवालासँग आवश्यक परामर्श गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परामर्श गर्ने कार्य सामान्यतया स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम गठित 'स्थानीय राजस्व परामर्श समिति' मार्फत गरिनेछ।

## ५९. सूचना सार्वजनिक गर्नुपर्ने :

(१) यस ऐन बमोजिम नगरपालिकाले लगाएको कर र गैरकर राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्र तथा अन्य उपयुक्त माध्यमबाट समेत सार्वजनिक गर्नुपर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेतलाई आफ्नो वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(३) नगरपालिकाले कर र गैरकर राजस्वका दर र सोमा भएको हेरफेर सम्बन्धी विवरण नेपाल सरकारका सम्बद्ध निकायहरूमा समेत उपलब्ध गराउनुपर्नेछ।

## परिच्छेद - १६
## विविध

**६०. प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :**

नगरपालिकाले यस ऐनबमोजिम लगाउने करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

**६१. अदालतलाई भए सरहको अधिकार हुने :**

यस ऐनको प्रयोजनको लागि नगरपालिकाको अधिकार प्राप्त अधिकारीलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेस गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानुनबमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

**६२. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेस गर्ने, कर लगायतको तिर्नु बुझाउनुपर्ने रकम दाखिला गर्ने एवम् कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर तथा गैरकर राजस्व सम्बन्धी काम कारबाही गर्न सकिने व्यवस्था मिलाउन सक्नेछ।

**६३. आयठेक्का सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाले कर सङ्कलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गर्नेछैन । तर, जडीबुटी कर, कवाडी कर, जीवजन्तु कर, विज्ञापन कर जस्ता करहरू सङ्कलन गर्न ठेक्का बन्दोबस्तनै गर्नुपर्ने अवस्थामा निर्णय बमोजिम ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस ऐनबमोजिम सङ्कलन गर्ने सेवाशुल्क र दस्तुर र बिक्रीका लागि नगरपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षका लागि आयठेक्का बन्दोबस्त गरी सङ्कलन गर्न सक्नेछ । तर, आन्तरिक आय वृद्धि हुने देखिएमा पटक-पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा कार्यपालिकाले निर्णय गरी बढीमा पाँच वर्षसम्मका लागि एकै पटक ठेक्का बन्दोबस्त गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिनेछैन ।

(३) यस दफा बमोजिमको आयठेक्का दिँदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनुपर्नेछ ।

(४) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष सुरु हुनुभन्दा अगावै आयठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नुपर्नेछ ।

(५) यस दफा बमोजिम हुने आयठेक्का बन्दोबस्तका लागि आवश्यक बोलपत्र आह्वान, दरभाउपत्र तथा डाँक बढाबढ, पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरू नगरपालिकाले स्वीकृत गरेको कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

**६४. कागजातको ढाँचाः**

यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली, कार्यविधि वा निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा कार्यपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## ६५. सूचना तामेली रीत पुगेको मानिने :

(१) यस ऐनबमोजिम दिनुपर्ने म्याद, सूचना वा कागजात देहायबमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानुन व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नाबालकको हककेमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय, सङ्घसंस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुख वा सो कार्यका लागि तोकिएको कर्मचारीलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिस्ट्रेसन गरी पठाएको वा विद्युतीय माध्यमबाट सम्बन्धित पक्षको विद्युतीय ठेगानामा पठाएको ।

(२) कर एकाइको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इन्क्रिप्ट (भ्लअचथउत) वा इन्कोड (Encode) गरिएको वा छाप लगाई तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको कागजात मानिनेछ ।

## ६६. कागजातको अभिलेख राख्ने :

(१) यस ऐनबमोजिम कर बुझाउनुपर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायबमोजिमका आवश्यक कागजातहरू सुरक्षित गरी राख्नुपर्नेछ :

(क) यस ऐनबमोजिम नगरपालिकामा पेस गर्नुपर्ने कागजात र सोलाई पुष्ट्याइँ गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरू,

(ग) खर्च कट्टी गर्नुपर्ने भए सोलाई पुष्ट्याइँ गर्ने कागजात ।

(२) कार्यपालिकाले लिखित रूपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरू सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तीमा पाँच वर्षको अवधिसम्म सुरक्षित राख्नुपर्नेछ ।

## ६७. कर अधिकृतको परिचयपत्र :

राजस्व शाखामा काम गर्ने कर अधिकृत र अन्य कर्मचारीले काम गर्ने समयमा सेवाग्राहीले समेत सहज रूपमा देख्न सक्ने गरी परिचयपत्र लगाउने र कर्तव्य पालनाको सिलसिलामा सम्बन्धित व्यक्तिलाई देखाउनुपर्नेछ ।

## ६८. विभागीय कारबाही हुने :

(१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनुपर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि-नोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाताबीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरू कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानुनबमोजिम गर्नुपर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानुनबमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैँले विभागीय कारबाही गर्ने र कारबाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि अधिकार प्राप्त अधिकारी समक्ष पेस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानुन बमोजिम निलम्बन गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधिभर सो कर्मचारीलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिनेछ।

(५) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि निजको सेवा सम्बन्धी कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक तीन महिना भन्दा बढी हुनेछैन।

## ६९. पुरस्कृत गर्न सक्ने :

(१) नगरपालिकाले मापदण्ड निर्धारण गरी करदातालाई उत्कृष्ट करदाताको रूपमा प्रत्येक वर्ष पुरस्कृत गर्ने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कारको स्वरूप, परिमाण वा सो सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) कुनै करदाताले यस ऐनबमोजिम नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने कर तथा गैरकर राजस्व रकम तिर्नुपर्ने रकम भन्दा कम बुझाएको वा राजस्व चुहावट गरेको सूचना दिएको आधारमा नगरपालिकालाई थप राजस्व प्राप्त हुन आएमा त्यसरी थप हुन आएको राजस्वको पन्ध्र प्रतिशत रकम सूचना दिने व्यक्तिलाई नगद पुरस्कार दिइनेछ।

## ७०. कर्मचारी प्रोत्साहन सम्बन्धी व्यवस्थाः

नगरपालिकाको राजस्व शाखामा कार्यरत रहने कर्मचारीहरुलाई कार्य बोझ र कार्यालय अतिरिक्त समयमा र राजस्व संकलनमा हासिल गरेको प्रगतिको आधारमा प्रचलित कानुन बमोजिम प्रोत्साहन भत्ता उपलब्ध गर्नसकिनेछ।

**७१. म्याद, हदम्याद गणना** :

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ :

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदनको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

**७२. नियमावली, निर्देशिका वा कार्यविधि बनाउने अधिकार**

यस ऐन बमोजिमको काम प्रभावकारी रूपमा सम्पादन गर्न कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका वा कार्यविधि स्वीकृत गरी लागू गर्न सक्नेछ ।

**७३. बाधा-अड्काउ फुकाउने अधिकार :**

(१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा-अड्काउ परेमा त्यस्तो बाधा-अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै ऐनमा उल्लेख भएसरह मानिनेछ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा यस ऐनमा उल्लेखित मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

**बचाउ :**

यो ऐन लागू हुनुपूर्व नगरपालिकाले लगाएका कर तथा गैरकर तथा सो सँग सम्बन्धित भए-गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए-गरेको मानिनेछ ।

**७४. कर विवाद फछ्र्यौट समिति :**

कर तथा गैर कर निर्धारण तथा असूली सम्बन्धी द्विविधा तथा समस्या भएमा सो विवाद समाधान गर्नको लागि राजस्व परामर्श समितिको सदस्यको संयोजकत्वमा न्यूनतम ५ सदस्य विज्ञ सहितको कर विवाद फछ्र्यौट समिति गठन गर्न सकिनेछ ।

**७५ घर जग्गा मूल्याङ्कन समिति :**

सम्पत्ति कर र बहाल कर लिने प्रयोजनको लागि घर र जग्गा मूल्याङ्कन तथा न्यूनतम बहाल रकम निर्धारण गर्न राजस्व परामर्ष समिति सदस्यको संयोजकत्वमा ५ सदस्य विज्ञ समिति गठन गरिनेछ ।

**अनुसूची - १**

*(दफा १० को उपदफा (४) को खण्ड (च) सँग सम्बन्धित)*

# ह्रासकट्टी गर्ने तरिका

यस ऐन बमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरिका समान कट्टी तरिका (Uniform Charge Method) को फिक्स्ड इन्स्टलमेन्ट मेथड (Fixed Installment Method) अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गर्नुपर्नेछ ।

सुत्रः

$$\text{ह्रास कट्टी} = \frac{\text{सम्प त्तको प्रारम्भिक मूल्य} - \text{अनुमानित शेष मूल्य}}{\text{सम्प त्तको आयू (वर्ष)}}$$

उदाहरणः

कुनै सम्पत्तिको मूल्य शुरुमा रु. १००००००।- छ र यसको आयु २० बर्ष छ । २० बर्ष पछि यो सम्पत्ति बिक्री गर्दा रु.२०००००।- आउँछ भने यसको प्रति बर्ष ह्रासकट्टी रकम निम्नानुसार हुन्छ ।

## अनुसूची - २

*(दफा ४५ को उपदफा (५) सँग सम्बन्धित)*

नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको कुनै सेवा उपयोग गरेबापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवाशुल्क लगाउन सक्नेछ :

(क) खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा-सुविधा,

(ख) वातावरण, फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती जस्ता सेवा-सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शवदाहगृह, धोबीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बसपार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गर्ने प्रमाणित तथा सिफारिस दस्तुर जस्तै चल-अचल सम्पत्ति मूल्याङ्कन, व्यवसाय दर्ता नवीकरण, घरबाटो तथा चारकिल्ला प्रमाणित, अङ्ग्रेजी सिफारिस लगायत सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्त्विक स्थल एवम् धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क,

(ज) भवन निर्माण अनुमति तथा नक्सापास/ नवीकरण/ नामसारी/ संशोधन तथा थप/सम्पन्न पत्र दस्तुर,

(झ) व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर (सङ्घीय कानुनले तोके बमोजिम)।

**अनुसूची - ३**

*(दफा ४५ को उपदफा (६) सँग सम्बन्धित)*

**नगरपालिकाले दर्ता, अनुमति, नवीकरण तथा नियमन गर्ने संस्था र व्यवसायहरू**

(क) बचत तथा ऋण सहकारी संस्था

(ख) एक सय वाटसम्मको एफ.एम.(F.M) रेडियो

(ग) "घ" वर्गको निर्माण व्यवसायी इजाजत

(घ) संस्थागत विद्यालय तथा आधारभूत तहको विद्यालय स्थापना, शैक्षिक संस्था

(ङ) ट्युसन तथा कोचिङ सेन्टर

(च) स्वास्थ्य संस्थाहरु तथा औषधि पसल

(छ) सङ्घ-संस्था

(ज) सङ्घीय तथा प्रादेशिक कानुनले तोकेका अन्य संस्था तथा व्यवसायहरू।

नगर सभाबाट स्वीकृत मितिः२०८३।३।२२
प्रमाणीकरण मितिः२०८३।३।२३
प्रकाशित मिति : २०८३।३।२८

आज्ञाले,

यम नारायण गौली

प्रमुख प्रशासकीय अधिकृत